# बागमती प्रदेश सभा

दोस्रो कार्यकाल

चौथो अधिवेशन

बैठक संख्या: ३४

संक्षिप्त विवरण

२०८१ श्रावण १५ गते, मंगलबार

दिनको ३:०० बजे

१. प्रदेश सभाको चौथो अधिवेशनको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा मंगलबार दिनको ३:०० बजे प्रारम्भ भयो।

२.माननीय सभामुखले माननीय सदस्यज्यूहरुलाई बैठकमा शून्य समय र विशेष नरहने व्यहोरा जानकारी दिनु भएको थियो ।

३. माननीय सभामुखले माननीय प्रदेश प्रमुखज्यूको कार्यालयबाट प्राप्त **"मन्त्रिपरिषद् गठन एवं कार्य विभाजन"** सम्बन्धी पत्रहरू पढेर सुनाउनु भयो ।

४.माननीय सभामुखले माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा(तामाङ) लाई नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम आफुमाथि प्रदेश सभाको विश्वास छ भनी स्पष्ट गर्न सोही नियमावलीको नियम १४३ को उपनियम (४) बमोजिम विश्वासको लागि वक्तव्य सहित प्रस्ताव पेस गर्न अनुमति दिनुभयो ।

५.माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा(तामाङ) ले वक्तव्य सहित प्रस्ताव सभामा पेस गर्नुभयो ।

६. माननीय सभामुखले विश्वासको मत प्राप्त गर्ने प्रस्तावमाथिको छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरूको दलीय आधारमा नाम प्राप्त भए अनुसार वँहाहरूलाई बोल्नको लागि समय दिनुभयो ।

- माननीय रामकृष्ण चित्रकार
- माननीय जगन्नाथ थपलिया
- माननीय युवराज दुलाल
- माननीय उद्धव थापा
- माननीय कृष्ण प्रसाद शर्मा खनाल
- माननीय सुरेन्द्रराज गोसाई

७. माननीय सभामुखले माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा(तामाङ) ले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न राखुभएको प्रस्तावमाथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

८.माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा(तामाङ) ले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावमाथिको छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

९. माननीय सभामुखले माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा(तामाङ) ले आफुमाथि प्रदेश सभाको विश्वास छ भनी स्पष्ट गर्न राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नका लागि दस्तखत सहितको मत विभाजनद्धारा मत संकलन गरिने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउँनु भयो ।

१०.माननीय सभामुखले मत विभाजन गर्दा अपनाइने प्रक्रियाको सम्बन्धमा जनाकारी दिनुभयो ।

११.माननीय सभामुखले मत परिणाम घोषणा गर्नुभएको थियो र बागमती प्रदेश सभामा ११० जना माननीय सदस्य रहनुभएको छ, उपस्थित माननीय सदस्यहरूसंख्या १०३ रहेको थियो। हुन्छ भन्ने पक्षमा जम्मा ६४ मत हुन्न भन्ने पक्षमा ३५ मत र मत दिन्न भन्ने पक्षमा जम्मा ३ मत परेको जानकारी दिनुभयो।

१२.माननीय सभामुखले माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा(तामाङ) ले आफूमाथि प्रदेश सभाको विश्वास छ भनी राख्नुभएको विश्वासको मत सम्बन्धी प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

१३.माननीय सभामुखले माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा(तामाङ) ले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नु भएकोमा बधाई तथा शुभकामना दिनुभयो ।

१४.माननीय सभामुखले अर्को बैठक मिति २०८१श्रावण १६ गते दिनको १:०० बजे बस्ने गरी यो बैठक स्थगित गर्नुभयो।

(कृष्ण हरि खड्का)
सचिव